बैठक संख्या: ४/१९७औं

आज मिति २०८२ मंसिर ४ गते बिहीबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको १९७औं बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमुख | |
| २ | श्री सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री लहुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रविन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भगवान खत्री | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री युवराज आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित:

| क.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्पराज न्यौपाने | वरिष्ठ शाखा अधिकृत | |

सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/०८/०४ गतेको १९७औं बैठक

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

२. जग्गा सम्याउने अनुमति सम्बन्धमा ।

३. बालमैत्री आचार संहिता स्वीकृत गर्ने सम्बन्धमा ।

४. शैक्षिक संस्थाको सवारी साधान मापदण्ड तोक्ने सम्बन्धमा ।

५. कार्यक्रम सञ्चालक समिति सम्बन्धमा।

६. संक्षिप्त वातावरणीय अध्ययन (IEE) सम्बन्धमा।

७. विविध।

**निर्णय नं. १: अघिल्लो बैठकहरुको समीक्षा सम्बन्धमा:**

कार्यपालिकाको १९६औं लगायत यस अघिका बैठकका निर्णयहरु कार्यान्वनयको अवस्था बैठकमा प्रस्तुत भई आवश्यक छलफल तथा समीक्षा भयो । बैठकका निर्णय कार्यान्वयको अवस्था बारे समग्र संक्षिप्त समीक्षा सहित विगतका राम्रा पक्षको निरन्तरता दिने र कमजोरीहरु सुधार गर्दै जाने।

**निर्णय नं. २: जग्गा सम्याउने अनुमति सम्बन्धमा:**

नगर क्षेत्रभित्र व्यक्तिगत घर निर्माण प्रयोजनार्थ माटो व्यवस्थापनको उचित उपाय अवलम्बन सहित घरेडी सम्याउनको लागि सम्बन्धित वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखको स्वीकृतिमा नगर कार्यपालिकाको कार्यालयबाट जग्गा सम्याउने अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ३: बालमैत्री आचार संहिता स्वीकृत गर्ने सम्बन्धमा:**

बालमैत्री स्थानीय शासन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनको लागि बैठकमा पेश भएको बालमैत्री आचार,२०८२ स्वीकृत गर्ने । साथै, स्वीकृत बालमैत्री आचार संहिता प्रमाणीकरण, अभिलेखीकरण तथा स्थानीय राजपत्रमा प्रकाशनको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ४: शैक्षिक संस्थाको सवारी साधान मापदण्ड तोक्ने सम्बन्धमा:**

नगर क्षेत्रभित्र सामुदायिक तथा संस्थागत विद्यालयहरुको सवारी साधान सञ्चालनमा प्रभावकारीता र एकरूपता कायम गर्दै सवारीसाधनलाई बालबालिका मैत्री बनाउन पेश भएको शैक्षिक संस्थाको सवारी साधान मापदण्ड, २०८२ स्वीकृत गर्ने । साथै, स्वीकृत मापदण्ड प्रमाणीकरण, अभिलेखीकरण तथा स्थानीय राजपत्रमा प्रकाशनको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।